# टाइफाइड ज्वरो

Public Health
Seattle & King County

**यो कस्तो रोग हो?** टाइफाइड ज्वरो ब्याक्टेरियाका कारणले हुने एउटा घातक रोग हो। संयुक्त राज्य अमेरिकाका मानिसलाई सामान्यतया अन्तर्राष्ट्रिय यात्रा गर्दा टाइफाइड लाग्ने गर्छ। टाइफाइडका लक्षणहरू सङ्क्रमणको 3 देखि 60 दिनपछि सुरु हुन सक्छन्। यी लक्षणहरूमा निम्न समस्याहरू पर्छन्:

- उच्च ज्वरो
- टाउको दुख्ने
- भोक नलाग्ने
- कब्जियत वा पखाला
- खोकी लाग्ने

## यो कसरी फैलिन्छ?

- दूषित खाना वा पानी खाने वा पिउने
- बिरामी मानिसहरूको दिसा छुने

## एकदमै बिरामी हुने जोखिममा को छन्?

- वृद्धवृद्धाहरू (65 वर्षभन्दा बढी उमेरका)
- साना बालबालिका (0-5 वर्षका)
- कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसहरू

## यो रोग अरूलाई सर्न नदिन म के गर्न सक्छु?

नियमित रूपमा हात धुनुहोस्। तपाईं वा तपाईंको बच्चा बिरामी हुनुहुन्छ र तपाईंको बच्चा बाल स्याहार केन्द्रमा जानुहुन्छ वा तपाईं खाना, स्वास्थ्य सेवा वा बाल स्याहारको क्षेत्रमा काम गर्नुहुन्छ भने काममा फर्कनुअघि आफ्नो चिकित्सकसँग कुरा गर्नुहोस्।

- खाना पकाउनुअघि
- बाथरूम प्रयोग गरेपछि
- बच्चाको डाइपर फेरेपछि

→ हात धुनुहोस्

## म संयुक्त राज्य अमेरिका बाहिर बिरामी हुनबाट कसरी बच्न सक्छु?

- यात्रा गर्नुभन्दा कम्तीमा 4 हप्ताअघि आफ्नो चिकित्सकसँग खोपका बारेमा कुरा गर्नुहोस्।
- खानाहरू तातो हुँदा नै खानुहोस्।
- बोतलमा प्याक गरिएको पानी पिउनुहोस् वा पानी पिउनुअघि 1 मिनेटसम्म उमाल्नुहोस्।
- छिल्न नमिल्ने फलफूल र तरकारीहरू नखानुहोस्।

तपाईंलाई टाइफाइड ज्वरो आएको छ जस्तो लागेमा आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्। बिरामी मानिसहरूले सकेसम्म चाँडो औषधि सेवन गर्नु पर्छ। थप जानकारीका लागि **www.kingcounty.gov/cd** मा जानुहोस्।

Nepali
6/12/2024